प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०४/२३
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ९२, ललितपुरमा १०, नुवाकोटमा ८, मकवानपुरमा ६, भक्तपुरमा ४ र सिन्धुपाल्चोकमा १ गरी जम्मा १२१ जनामा नयाँ संक्रमण थपिएको छ । प्रदेशले यसलाई गम्भीरताको साथ लिएको र यसलाई सामना गर्नकोलागि प्रदेश अन्तर्गतका स्वास्थ्य कार्यालयमा थप स्वास्थ्य कर्मीहरु खटाएर द्रुत रुपमा कार्य गरिरहेको छ। सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- आज यस प्रदेशमा अहिलेसम्मकै सबैभन्दा बढि नयाँ संक्रमितको संख्या देखिएको छ। हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको ७ प्रतिशत (६.९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएकाभन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २२२१४ (१००%) | १५५४ (१००%) |
| निको भएको | १५८१४ (७१.२%) | ५९१ (३८%)* |
| उपचाररत | ६३३० (२८.५%) | ९५३ (६१.३%)* |
| मृत्यु भएको | ७० (०.३%) | १० (०.७%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०४/२३
* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा १०१०५ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ९८० जना बस्दै आउनुभएको र १८३१ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १२५९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ४७४ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७१२० जनाको आर डी टी परिक्षण गरिएकोमा ९०५ जनाको पोजिटिभ आएको छ र ३७८५८ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १४०५ | १४८ | १२८ | २७० | २०१ | १०८४८ | १०५१७ | ३३१ | १५८९८ | ९२ | ७६७ |
| ललितपुर | ३४५ | ३१ | ८० | २२१ | १७४ | ४६३० | ४५७५ | ५५ | २५३८ | १० | १३३ |
| भक्तपुर | ३१३ | १३ | १६५ | ४२ | ९ | २३९६ | २३७६ | २० | ३०५४ | ४ | ८१ |
| रसुवा | २८७ | २४ | ० | ३५ | ० | ६५५ | ६४३ | १२ | १६९ | | १२ |
| नुवाकोट | ९७७ | ५६ | १५९ | ३८ | १० | ३२९२ | ३१०२ | १९० | ९७७ | ८ | ५३ |
| धादिङ | ३१५ | २३ | ८८ | १०९ | ७ | ३१३५ | २९९१ | १४४ | १५३९ | | १४३ |
| चितवन | २४६५ | १६८ | २५१ | ३०२ | ३७ | १८३८ | १८२३ | १५ | ६७३७ | | १२७ |
| सिन्धुली | ४३० | १४२ | ० | २४ | २ | १२३० | ११९६ | ३४ | १३१८ | | २५ |
| मकवानपुर | ४०७ | ४२ | ७३४ | ३५ | १३ | १९३९ | १९१९ | २० | २२२८ | ६ | ६० |
| रामेछाप | ५०९ | ६५ | ० | ७५ | ४ | ८९२ | ८८४ | ८ | ४९९ | | ३९ |
| दोलखा | ९८६ | ३३ | २३ | ४१ | ० | १७४६ | १७३२ | १४ | ३९८ | | १३ |
| काभ्रे | ८५१ | १३२ | ११९ | २७ | १२ | ३०६४ | ३०१५ | ४९ | ८१० | | २६ |
| सिन्धुपाल्चोक | ८१५ | १०३ | ८४ | ४० | ५ | १४५५ | १४४२ | १३ | १६९३ | १ | ७५ |
| जम्मा | १०१०५ | ९८० | १८३१ | १२५९ | ४७४ | ३७१२० | ३६२१५ | ९०५ | ३७८५८ | १२१ | १५५४ |

श्रोत; पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

## ❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | परिक्षण हुने क्रममा रहेको स्वाबको संख्या |
|---|---|---|---|---|---|
| | | | पोजिटिभ | नेगेटिभ | |
| १५१३९ | ४३१ | ६० | १७ | ४३ | ५८३ |

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भइसकेको स्वाब (नमुना) मध्ये मकवानपुरको ६, बाराको ४, सर्लाहीको ३, रौतहटको ३ र सिन्धुलीको १ गरी जम्मा १७ वटा नमुनाको नतिजा पोजिटिभ आएको छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/२३

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/२३

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय :** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन/नेपाल:** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई